कालीगण्डकी गाउँपालिका,स्याङ्जा

गाउँ कार्यपालिकाको बैठक नं. ८

(मिति २०८२ पौष ११)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्वेय अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ नं | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ नं | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ नं | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ नं | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ नं | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ नं | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचर्य |
| | प्रशासकिय अधिककृत | गाउँपालिका | टीका कुमारी क्षेत्री |

CamScanner

मिति: २०८२।०९।११

प्रस्तावहरुः

१. सार्वजनिक सुनुवाई  सम्बन्धमा
२. गाउँ सभाको अधिवेशन सम्बन्धमा
३. छिस्दी किपट खानेपानी योजना उपभोक्ता समिति दर्ता सम्बन्धमा
४. "०" लेवल अम्पाएर/स्कोरर तालिम कार्यक्रम सञ्चालन सम्बन्धमा
५. राजश्व परामर्श समितिले पेश गरेको राजश्वको अनुमान रकम स्वीकृत  समबन्धमा
६. श्रोत अनुमान स्वीकृत सम्बन्धमा
७. मिर्मी प्रहरी विट स्थापना सम्बन्धमा
८. दब्छे सुलसुले सडकमा भल नियन्त्रण कार्य  गर्ने सम्बन्धमा
९. गाउँपालिका कार्यालयको पार्किङ स्थल निर्माण गर्ने सम्बन्धमा
१०. गाउँपालिका कार्यालयको सिटी हल निर्माणको म्याद थप सम्बन्धमा

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

CamScanner

मिति:२०८२।०९।११

निर्णय नं. १ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाको आ.व.२०८२/८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं.७ मिर्मीमा मिति २०८२/०९/२१ गते सोमबार गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाको आ.व.२०८२/८३ को गाउँसभाको १८ औं अधिवेशन मिति २०८२/०९/२४ गते बिहिवार यस कार्यालयको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाको वडा नं. १ छिस्दी किपट खानेपानी योजना उपभोक्ता समिति दर्ता गरिदिनुहुन भनी निवेदन परेकाले उक्त समितिको सम्पूर्ण प्रकृया पूरा भएको देखिएकाले छिस्दी किपट खानेपानी योजना उपभोक्ता समिति दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकामा पछिल्लो समय क्रिकेट खेलप्रति आकर्षण बढिरहेको सन्दर्भमा यस पालिकाभित्रका खेलाडीहरुलाई अब्बल बनाउने उद्देश्यका साथ स्याङ्जा क्रिकेट संघ र कालीगण्डकी गाउँपालिकाको सहकार्यमा खेल सम्बन्धी अफिसियल तयार गर्न **"०" लेवल अम्पाएर/स्कोर तालिम कार्यक्रम** स्याङ्जा जिल्ला क्रिकेट संघको सहजिकरणमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकामा राजश्व परामर्श समितिले पेश गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को आन्तरिक राजश्वको अनुमान रकम रु. १ करोड ३२ लाख को लागि सीमा रकमलाई समर्थन गर्ने निर्णय गरियो ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकामा बजेट अनुमान सीमा निर्धारण समितिले पेश गरेको आ.व.२०८३/८४ को अनुमान बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिका वडा नं. ७ मिर्मी बजार स्थित शान्ति सुव्यवस्था कायम राख्नकोलागि वडा बासीहरुको माग र आवश्यकतालाई मध्यनजर गरी निर्माण गरिने प्रहरी विटको लागि बजेट शीर्षक नम्बर ३१११४ (डम्पिङ साइट, प्रहरी चौकी तथा अन्य सार्वजनिक निर्गाणको लागि जग्गा खरिद) कार्यक्रम/आयोजना अन्तर्गत रु १ लाख ३० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिका अन्तर्गत वडा नं.६ स्थित छाप दब्छे सुलसुले सडकमा भल नियन्त्रण कार्य सम्पन्न गर्नका लागि बजेट शीर्षक नम्बर ३११५१ सडक स्तरोन्नती कार्यक्रम अन्तर्गत रु .३ लाख ८० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपलिका कार्यालयको चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधन पार्किङ गर्नक लागि पार्किङ् स्थल अत्यावश्यक देखिएकाले पार्किङ स्थल निर्माणको लागि बजेट शीर्षक नम्बर ३११५१ सडक, भवन ,विद्युत, उर्जा, सिँचाई कलो आदिको मर्मत तथा सम्भार कार्यक्रम अन्तर्गत रु. ९ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नम्बर १० माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिको सिटी हल Contract id; KLGD/W/NCB/CH/09/081/82 को निमार्ण कार्य पौष मसान्त भित्र सम्पन्न गर्ने सम्झौता अनुसार समय मै निर्माण कार्य सम्पन्न हुन नसकेका कारण सो कार्य सम्पन्नका लागि आगामी चैत्र १५ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत